## भरतपुर उप-महानगरपालिका वातावरणमैत्री नगर निर्माण तर्फ

भरतपुर उप-महानगरपालिका वडा नं ७ ले वातावरणमैत्री स्थानीय शासन प्रारुप २०७० ले तोकेका घरपरिवार, टोल र वडा तहका सम्पूर्ण आधारभूत सूचकहरु पुरा गरेकोले भरतपुर उप-महानगरपालिकाको पहिलो वातावरणमैत्री वडा २०७३/०३/२६ गते आईतबार भव्य समारोहका बिच घोषणा गरेको छ । एक हजार पाँच सय भन्दा बढि वडाबासीको उपस्थितीमा उपप्रधान एवं संघिय मामिला तथा स्थानीय बिकास मन्त्री माननिय कमल थापाज्यूले प्रमुख आतिथीको रुपमा सो घोषणा गर्नु भएको थियो जुन समारोहको अध्यक्षता भरतपुर उपमहानगरपालिकाका कार्यकारी अधिकृत श्री महेश बरालले गर्नु भएको थियो ।




३०६९ घरधुरी रहेको भरतपुर उपमहानगरपालिका वडा नं ७ मा ३२ वटा टोल सुधार समितीहरु रहेका छन् । प्रत्येक टोल सुधार समितिको साथ र मिति २०७२/११/१३ मा गठन भएको वातावरणमैत्री वडा घोषणा समितीको अथक प्रयास र निरन्तर कार्यक्रम पश्चात  भ.उ.म.न.पा वडा नं ७, वातावरणमैत्री वडा घोषणा गर्न सफल भयो । जनचेतना मुलक र्‍याली, सरसफाई कार्यक्रम, घरदैलो कार्यक्रम, टोल भ्रमण एवं माईकिङ्ग लगाएतका बिभिन्न कार्यक्रमहरु चरणबद्ध रुपमा संचालनमा ल्याई सकेपछि उक्त समितिले स्व-मुल्याङ्कन फारम मार्फत टोल टोलबाट सूचकहरुको अवस्था संकलन गरि मुल्याङ्कन पश्चात सोही अनुरुपको कार्यक्रम अघि बढाएको थियो ।

भरतपुर उपमहानगरपालिका वडा नं ७ लाई वातावरणमैत्री वडा घोषणा गर्नु पूर्व भरतपुर उपमहानगरपालिका वातावरणमैत्री नगर समन्वय समितिको बैठक बसी अनुगमन तथा मल्याङ्कन अधिकृत सुशिला रेग्मीको संयोजकत्वमा वातावरणमैत्री वडा घोषणाकोलागी आवश्यक सूचकहरु पुरा गरे नगरेको सम्बन्धमा अनुगमन गर्न समिति गठन गरि त्यस समितिले प्रस्तुत गरेको प्रतिबेदनलाई सोही समितीको अर्को बैठकले अनुमोदन गरि घोषणा प्रकृया अगाडि बढाएको थियो ।











माननीय उपप्रधानमन्त्री एवं संघिय मामिला तथा स्थानीय बिकास मन्त्री कमल थापाज्यूबाट घोषणापत्र पढी भ.उ.म.न.पाको पहिलो वातावरणमैत्री वडा घोषणा भएकोमा बधाई एवं सम्मानपत्र प्रदान गर्नु भएको थियो । बृक्षारोपणबाट समुद्घाटन भएको कार्यक्रमका प्रमुख अतिथीबाट वातावरणमैत्री वडा निर्माण र यसको दिगो व्यवस्थापन आफैमा चुनौतीपूर्ण रहेको र सो चुनैतीपार गर्न सफल हुनुभएकोमा वडा बासिमा शुभकामना दिनु भएको थियो ।सोही समारोहमा सुशासनका लागि भरतपुर उपमहानगरपालिकाले तयार पारेको मोबाईल एप्सको सुभारम्भ एवं भरतपुर उपमहानगरपालिकाले प्रकाशन गरेको जर्नल (पुस्तक) बिमोचन माननिय मन्त्रीज्यूले गर्नु भएको थियो । सो कार्यक्रममा वातावरणमैत्री स्थानीय शासन, कार्यक्रम कार्यक्रम प्रबन्धक श्री चक्रपाणी शर्मा, अध्यक्ष, कार्यक्रम निर्देशक, वातवारणमैत्री स्थानीय शासन कार्यक्रम श्री गोपीकृष्ण खनालज्यू बाट वातावरणमैत्री वडा घोषणा कार्यक्रम आफैमा प्रसंसनिय भएको भन्दै यसको निरन्तरताको लागी शुभकामना पनि दिनु भएको थियो । क्षेत्रीय निर्देक ज्यूबाट पनि बधाई एवं शुभकामना मन्तव्य दिनुभएको थियो ।

पंचेबाजा र बिभिन्न भेषभूषामा सजिएका झांकी सहित वडाको मुख्य दुई भागबाट निस्केको र्‍यालीले वडाको बिभिन्न भाग परिक्रमा गरि सभा स्थल पुगेको थियो । निकै उल्लासपूर्ण वातावरणमा नाच

गानका साथ टोल टोल बाट गुन्जीएका सन्देशमुलक वातावरणमैत्री रचना एवं गानले सभाको थप शोभा बढाएको थियो ।

भरतपुर उपमहानगरपालिकाका कार्यकारी अधिकृत श्री महेश बरालले वडा नं ७ का उत्कृष्ठ मध्यका पाँच टोललाई सम्मान पत्र प्रदान गर्नु भएको थियो । अन्तमा कार्यकारी अधिकृतज्यूबाट वातावरणमैत्री वडा निर्माण र त्यसको सम्वेदनशिलता कायम राख्नको लागि सम्पूर्ण वडालाई प्रतिवद्धता जायर गर्दै भरतपुर उपमहानगरपालिकाको पहिलो वातावरमैत्री वडा भएकोमा  बदाई दिदै सभा बिर्सजन गर्नु भएको थियो ।

सोही दिन भरतपुर उप-महानगरपालिकामा आयोजित समग्र चितवनको बिकास निर्माणको अवस्थाको प्रस्तुतीकरण कार्यक्रमको अध्यक्षता स्थानीय बिकास अधिकारी श्री श्रवणकुमार पोखेलले गर्नु भएको थियो । उक्त कार्यक्रममा  कार्यकारी अधिकुत महेश बरालले भरतपुर उप-महानगरपालिकाको बिकास निर्माण एवं समग्र चितवनको बिकास निर्माणको अवस्थाको प्रस्तुतीकरण, योजनाको प्रगती, बेरुजुको अवस्था, सामाजिक सुरक्षा भक्ता बितरणको अवस्था, अनुकरणीय कार्य तथा चुनौतिहरु माननिय उपप्रधानमन्त्री समक्ष प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यक्रममा क्षेत्रीय प्रशासक श्री मुकुन्दराज प्रकाश घिमिरे, संघिय मामिला तथा स्थानीय बिकास मन्त्रालयका सहसचिब श्री गोपीकृष्ण खनाल, उपसचिब श्री चक्रपाणी शर्मा, न.पा का कार्यकारी अधिकृतहरु, गा.बि.सका सचिबहरु, स्थानीय निकायका कर्मचारीहरु उपस्थित रहनुभएको थियो । सो कार्यक्रममा  माननिय उप-प्रधानमन्त्रीज्यूले सुशासन, पारदर्शिता, बिकास निमार्णको गुणस्तरीयता, बेरुजु फच्यौट, जवाफदेहीता, जनताको अपेक्षालाई ध्यान दिन र सो को अनुभुती आम नागरीकले गर्न सक्नेगरी कार्य गर्न निर्देशन दिनु भएको थियो ।

त्यस पश्चात माननिय उपप्रधानमन्त्रीज्यूले चितवन जिल्ला बिकास समितिको कार्यालयलाई वातवरणमैत्री कार्यलयको रुपमा घोषणा गर्ने कार्यक्रमको अध्यक्षता स्थानीय बिकास अधिकारी श्री श्रवणकुमार पोखेल र स्वागत मन्तव्य उपमहानगरपालिकाका कार्यकारी अधिकृत महेश बरालले गर्नुभयो । त्यस कार्यक्रममा उपप्रधानमन्त्री एवं संघिय मामिला तथा स्थानीय बिकास मन्त्री कमल थापाज्यूले बिकास सूचना बोर्डको थालनी, चितवन आमाको शालिक अनावरण, रक्तचन्दनको बृक्षारोपण, एन.जि.ओ प्रोफाईल लोकार्पण र जि.बि.स चितवनको कार्यालयलाई वातावरणमैत्री कार्यालयको रुपमा घोषणा गर्नुभएको थियो ।